# कर्णाली प्रदेश खेलकुद विकास ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक

**प्रस्तावनाः** कर्णाली प्रदेश खेलकुद विकास ऐन, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, कर्णाली प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "कर्णाली प्रदेश खेलकुद विकास (पहिलो संशोधन) ऐन, २०७८" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **कर्णाली प्रदेश खेलकुद विकास ऐन, २०७६ को दफा २ मा संशोधनः** कर्णाली प्रदेश खेलकुद विकास ऐन, २०७६ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छः-

"(च) "सदस्य" भन्नाले परिषद् वा समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले परिषद्को अध्यक्ष, उपाध्यक्ष र सदस्य-सचिव तथा समितिको अध्यक्ष र सदस्य-सचिवलाई समेत जनाउँछ।"

३. **मूल ऐनको दफा ९ मा संशोधनः** मूल ऐनको दफा ९ को खण्ड (घ) मा रहेको "समितिको" भन्ने शब्दको सट्टा "परिषद्को" भन्ने शब्द राखिएको छ।

४. **मूल ऐनमा दफा १२क. थपः** मूल ऐनको दफा १२ पछि देहायको दफा १२क. थपिएको छः-

"१२क. **सदस्य-सचिवको पारिश्रमिक र सुविधाः** (१) सदस्य-सचिवले प्रदेश सरकारको एघारौं तहको अधिकृत कर्मचारीको शुरू तलब स्केल बराबरको पारिश्रमिक पाउनेछ।

(२) सदस्य-सचिवले परिषद्को कामको सिलसिलामा भ्रमण गर्नु परेमा अध्यक्षद्वारा भ्रमण आदेश स्वीकृत गराउनु पर्नेछ र त्यसरी भ्रमण गर्दा सदस्य-सचिवले प्रदेश सरकारको एघारौं तहको अधिकृत कर्मचारी सरह दैनिक भत्ता र भ्रमण खर्च पाउनेछ।

(३) सदस्य-सचिवले प्रोत्साहन भत्ता लगायत अन्य थप सुविधा पाउने छैन।"

५. **मूल ऐनको दफा १४ मा संशोधनः** मूल ऐनको दफा १४ को उपदफा (२) मा रहेको "समितिले" भन्ने शब्दको सट्टा "परिषद्ले" भन्ने शब्द राखिएको छ।

६. <u>मूल ऐनको दफा १७ मा संशोधनः</u> मूल ऐनको दफा १७ को उपदफा (१) मा रहेको "परिषद्का" भन्ने शब्दको सट्टा "समितिको" भन्ने शब्द राखिएको छ।

७. <u>मूल ऐनको दफा २५ मा संशोधनः</u> मूल ऐनको दफा २५ को,-

(१) उपदफा (१) मा रहेका "सहायक अधिकृतस्तर (छैठौं तह)" भन्ने शब्दहरूको सट्टा "अधिकृतस्तर (छैटौं तह)" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (२) मा रहेका "सहायक अधिकृत स्तरका" भन्ने शब्दहरूको सट्टा "अधिकृतस्तर (छैटौं तह) का" भन्ने शब्दहरू राखिएका छन्।

८. <u>रुपान्तरः</u> मूल ऐनको ठाउँ ठाउँमा रहेका देहायका शब्दहरुको सट्टा देहाय बमोजिमका शब्दहरु राखी रुपान्तर गरिएको छः-

(क) "खेलकुद विकास परिषद्" भन्ने शब्दहरुको सट्टा "कर्णाली प्रदेश खेलकुद विकास परिषद्"।

(ख) "प्रदेश परिषद्" भन्ने शब्दहरुको सट्टा "परिषद्"।